स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी साउन १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'को पहिलो गीत सार्वजनिक गरिएको छ। सोमबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक 'मञ्जुरी' बोलको रोमान्टिक गीतमा फिल्मकी अभिनेत्री वर्षा सिवाकोटी र नव-अभिनेता अमर प्रताप श्रेष्ठ फिचर्ड छन्। गीतले उनीहरुको एकअर्काप्रति आकर्षण, प्रेम र आशक्ति बोल्छ। दुवैको 'केमेस्ट्री' सुहाएको छ।

**आजको विचार...**



कृष्णप्रसाद पौडेल

मुकुलर्ल...
(दुई पेजमा)



एनलगको जमानामा अभिनेत्री रेजिना उप्रेतीले करिब एक सय हाराहारी फिल्ममा काम गरिन्। त्यसमध्ये केही फिल्म व्यावसायिक रुपमा सफल पनि भए। तर, २०७० सालमा विवाह गरेर एक सन्तान भएपछि उनको अभिनय यात्रामा विश्राम लाग्यो। र, फिल्म क्षेत्रको माहोल पनि बदलियो। यसपछि चलचित्र कलाकार संघको राजनीतितिर लागेकी रेजिना उपाध्यक्ष र बरिष्ठ उपाध्यक्ष बनिन्। तर, कलाकार संघको अध्यक्षमा पराजित भएपछि उनी अभिनयमा फर्किएकी छन्।

❐ वर्ष २९ ❐ अंक ३४१ ❐ २०८१ असार २६ गते बुधबार 10 July 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पा 'पूर्ण खोप' सुनिश्चित जिल्ला

## कार्यान्वयनमा ध्यान दिन पालिकाका जनप्रतिनिधि, प्रदेश सांसददेखि सभामुखको जोड

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २५/पाल्पा जिल्ला 'पूर्ण खोप' सुनिश्चित तथा दिगोपना घोषणा भएको छ । १६ महिनादेखि ५ वर्षमुनिका बालबालिकाहरुले पूर्ण खोप पाएपछि मंगलबार एक समारोहकाबिच जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो ।

लुम्बिनी प्रदेशका सभामुख तुलराम घर्ती मगर (बसन्त)ले खोप समन्वय समितिका संयोजक टंकनाथ खनाललाई जिल्ला घोषणाको प्रमाण हस्तान्तरण गर्दै पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरेका हुन् । जिल्लाका १० वटै स्थानीय तहका ८१ वटै वडामा घरधुरी सर्वेक्षण गरी जन्मेदेखि १५ महिना मुनिका ३ हजार ३ सय ८ जना बालबालिका र छुट्टै १६ महिना देखि ५ वर्ष मुनिका १० हजार ५ सय ६० जना बालबालिका मध्ये सर्वेक्षण गर्दा भेटिएका ६ जना बालबालिका ड्रप आउट भएकाहरुलाई सबै पूर्ण खोप पाएको सुनिश्चित गरिएको जिल्ला खोप समन्वय समितिका सदस्य सचिव तथा स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले बताए । स्थानीय तह र वडासँगको समन्वयमा घरधुरी सर्वेक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा जिल्लालाई पूर्ण खोप



सुनिश्चित तथा दिगोपना घोषणा गरिएको उनको भनाई छ । पूर्ण खोप सुनिश्चितताका लागि ९५ प्रतिशत सूचकांक पुरा गर्नु पर्ने हुन्छ । यहाँका सबै स्थानीय तहले ९५ प्रतिशत सूचकांक पुरा गरेको स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लाका दशवटै स्थानीय तहहरुले पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गरिसकेकाले सोहि प्रावधान बमोजिम जिल्लालाई पनि घोषणा गरिएको कार्यालय प्रमूख गिरीको भनाइ छ । पाल्पालाई पहिलो पटक २०७० साल फागुन १३ गते पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो । हरेक वर्ष जिल्लालाई पूर्ण खोप सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ । प्रदेशस्तरीय पूर्ण खोप प्रदेश घोषणा भने २०७९ भाद्र ३१ गते गरिएको थियो । विगत ३ वर्षदेखि जिल्लालाई दिगोपना सुनिश्चितता घोषणाको निरन्तरता दिइएको स्वास्थ्य प्रमुख गिरीले बताए । उनले तीन आर्थिक वर्षको नियमित खोप कार्यक्रमको प्रगति अवस्था तुलना गर्दा पूर्ण खोपको सूचक लक्ष्य अनुसार प्रगति कम देखिएको, जनसंख्या वृद्धिदर ऋणात्मक अवस्था रहेको, लक्षित बालबालिकाको जनसंख्या नमिल्नु, सुरुमा खोप लगाए पनि उमेर बढ्दै जाँदा खोपको पूर्णमात्रा बारे जानकारीको अभाव र खोप सम्बन्धी परामर्श कमी जस्ता चुनौती रहेको बताए । उनले भने 'पूर्णखोप घोषणा गर्नु आफैमा एक महत्वपूर्ण कार्य भएता पनि यसको दीगोपना कायम गरी निरन्तर पूर्णखोप प्राप्त गरेको सुनिश्चितता गर्नु अझ अपरिहार्य र महत्वपूर्ण कार्यका साथै चुनौतीको विषय हो ।'

जिल्लालाई सुनिश्चितता तथा दिगोपना घोषणा गर्दै लुम्बिनी प्रदेश सभाका सभामुख तुलराम घर्तीले घोषणा गर्नु ठूलो कुरा नभई त्यसलाई दीगो रुप दिनु महत्वपूर्ण हुने बताए । उनले स्वास्थ्य संवेदनशील विषय भएकाले सरोकारवाला निकाय गम्भीर बन्नुपर्नेमा जोड दिए । सभामुख घर्तीले शिक्षा र स्वास्थ्यलाई राज्यले समेत प्राथमिकतामा नराख्ने प्रवृत्ति रहेको उल्लेख गरे । सभामुख घर्तीले भने 'भौतिक मन्त्रालयमा १२ अर्ब बजेट जान्छ तर शिक्षा र स्वास्थ्यमा २ अर्ब बजेट पनि जाँदैन ।' शिक्षा र स्वास्थ्य तीनै तहका सरकारको प्राथमिकतामा पर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा प्रदेश सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले घोषणा गर्नुलाई अभियनका रुपमा नलिई अभियानका रुपमा लिनुपर्ने बताए । **-बाँकी अन्तिम पेजमा**

### संक्षिप्त समाचार

## भारी वर्षाका कारण विद्यालय बन्द

**(रासस/सिन्ह्वा)**

**नयाँदिल्ली,** असार २५/भारी बर्षाको प्रभावका कारण मंगलबार भारतको आर्थिक राजधानी मुम्बई र वरपरका विद्यालय र अन्य शैक्षिक संस्थाहरू बन्द गरिएको छ भने विश्वविद्यालयका परीक्षाहरू स्थगित गरिएको छ ।

भारी बर्षा पछि रेल तथा उडान सेवाहरू पनि प्रभावित भएका छन् । सोमबार विभिन्न स्थानमा तीन सय मिलि मिटर भन्दा बढी वर्षा दर्ता भएपछि विभिन्न क्षेत्रमा गम्भीर जलप्रभाव देखिएको छ ।

बर्षाको अनुचित प्रभावले मुम्बई विश्वविद्यालयमा मंगलबारका लागि निर्धारित सबै परीक्षाहरू स्थगित गरिएको तथा नयाँ मिति चाँडै घोषणा गरिने विश्वविद्यालयले एक विज्ञप्तिमा उल्लेख गरिएको छ । जनताको सुरक्षा सुनिश्चित गर्न, राष्ट्रिय विपद् प्रतिक्रिया बलका टोलीहरू ठाणे, वसई, महाड, चिप्लुन, कोल्हापुर, साङ्गली, सतारा घाटकोपर, कुर्ला र सिन्धुदुर्ग लगायत मुम्बई र वरपरका क्षेत्रमा तैनाथ गरिएको छ ।

यसै गरी तल्लो क्षेत्रमा फसेका मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ । मौसम पूर्वानुमानमा, भारतीय मौसम विभागले मुम्बई र महाराष्ट्र राज्यका अन्य भागहरूमा आगामी दुई दिनसम्म भारी वर्षा जारी रहने बताएको छ ।

## युवती खोलामा मृत फेला



**पाल्पा,** असार २५/जिल्लाको माथागढी गाउँपालिका -५ गणबासकी एक युवती खोला मृत फेला परेकी छन् । गणबासकी २८ वर्षीया खुमीसरा बाह्रघरे सोही ठाउँस्थित झुम्सा खोलामा सोमबार साँझ मृत अवस्थामा फेला परेकी हुन् ।

उनको शवलाई अहिले पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पा पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बालविवाह र महिला हिंसा घटाउन सक्रिय छन् आमाहरू

**देउखुरी (दाङ),** असार २५/गढवा गाउँपालिका-५ खजरौटामा आमा समूह गठन भएको तीन वर्षभयो । मुक्तकम्लरी विकास मञ्चको बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत गठित आमा समूहले गाउँघरमा हुने हरेक कार्यक्रममा सहभागिता जनाउने गरेको छ ।

समूहका अध्यक्ष आनन्दा यादव ४६ वर्षकी भइन् । उनी आमा समूहमा आवद्ध भएपछि धेरै कुरा सिक्ने अवसर मिलेको बताउन्छिन् । बालविवाह न्यूनीकरण, महिला हिंसाको वकालत, प्रजनन् स्वास्थ्यका बारेमा हुने छलफलबाट धेरै सिकाइ भएको उनले बताइन् । द्रसमूहमा आवद्ध नहुँदासम्म धेरै कुरा थाहा थिएन । अहिले कानुनी र व्यवहारिक सबै कुरा थाहा भएपछि समाजलाई सचेत बनाउन लागेका छौँ । आमा समूहमार्फत बालविवाह रोकथाम तथा छोराछोरीको उमेर पुगेपछि मात्र विवाह गर्न सुझाव दिने अभियानमा जुटेका छौँ', उनले भनिन् । समूहका सचिव गरिमा बुढाथोकी आफैँले १७ वर्षको उमेरमा भागी बिहे गरेकी थिइन ।



सानो उमेरमा विवाह गर्दा शारीरिक, मानसिक तथा अन्य वृत्तिविकासमा असर पुग्ने अनुभव गरेपछि ३५ वर्षको उमेरमा उनी बालविवाह घटाउने अभियानमा जोडिएकी छन् । द्रसानो उमेरमा बिहे गर्नुहुँदैन भन्ने कुरा उबेला थाहै भएन । बिहे गरियो तर अहिले पछुतो लागिरहेको छ । उमेर पुगेर गरेको विवाहले शारीरिक मानसिक रूपमा परिपक्क हुन पाइने कुरा अहिले मात्रै थाहा भएको छ', सचिव बुढाथोकीले भनिन्, द्रअचेल गाउँघरमा हुने महिलाहिंसा न्यूनीकरण, बालविवाह रोकथामलगायत विषयमा वकालत गर्ने गरेका छौँ । यसले अहिलेका पुस्ता र अभिभावकलाई सचेत गराउन योगदान पुगेको छ ।' बालविवाह र महिला हिंसा मात्रै होइन समूहले सदस्यलाई बचत गर्न सिकाइ आवश्यक परेका समयमा लगानीसमेत गर्ने गरेको छ । मक्तकम्लरी विकास मञ्चका फिल्ड संयोजक ज्ञानु थापाले किशोर अवस्थामा आउने परिवर्तन तथा उत्सुकता मेटाउन बाल क्लब र आमा समूह गठन गरेर काम भइरहेको बताइन् । यी समूहलाई मञ्चले तालिम तथा अन्य कार्यक्रममार्फत सचेतना अभिवृद्धिमा समेत जोड दिइरहेको उनले जानकारी दिइन् । द्रआमाहरूलाई गाउँघरमा हुने हिंसा घटाउने काममा लगाउने मात्रै होइन उनीहरूको आयआर्जन वृद्धि गर्न व्यवसायिक तरकारी खेतीका लागि सहयोग गरिरहेका छौँ ।

पालिकाको कृषि शाखासँग समन्वय गरेर आमा समूहलाई कृषिमा आत्मनिर्भर बनाउने अभियान पनि सँगसँगै अगाडि बढाइरहेका छौँ', थापाले भनिन् ।

**-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## राजनीतिक अन्योलता हटाऊ

नेपालको राजनीति जहिल्यै अन्योलतामै गुज्रिरहेको छ । दलहरुको स्वार्थका कारण देशको राजनीतिकले कहिल्यै पनि निकास पाउन सकेन । जसकारण राजनीतिक अस्थिरता कायमै रह्यो । कुनै पनि पार्टीले बहुमत लिन नसकेका कारण सत्ता सञ्चालनका लागि एक अर्को दलसँग गठबन्धन गरेर सरकार सञ्चालन गरेका दलहरु केही समयमै आफु अनुकूल काम नभएपछि गठबन्धन तोडेर पुनः अर्को बनाउने प्रवृत्तिले अहिले देशमा अन्योलताको अवस्था सिर्जना भएको छ । पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने पनि मुलुक फेरी अन्योलतातर्फ अगाडि बढेको देखिन्छ । सत्ता साझेदार नेकपा एमालेले काँग्रेससँग सत्ता सहमति गरेपछि अन्योलता चुलिदै गएको हो ।

सरकारबाट समर्थन फिर्ता लिएर एमाले बाहिरिएपछि प्रधानमन्त्री प्रचण्ड अल्पमतमा परेका छन् । काग्रेस र एमालेले दुवै दलका नेतालाई प्रधानमन्त्री दाहालले पटक–पटक 'धोका' दिइसकेकाले अब दाहालसँग मिलेर जान नसक्ने निचोड उनीहरुले निकालिसकेका छन् । सोही आधारमा १७ गते मध्यरातमा चारबुँदे सहमति गर्दै एमालेको नेतृत्वमा तीन वर्षसम्म आलोपालो सरकारको नेतृत्व गर्ने निर्णय गरिसककेका छन् । तर अल्पमतमा परेका प्रधानमन्त्री दाहालले नैतिकताको आधारमा राजीनामा दिनु उचित भए पनि राजीनामा दिन छाडेर विश्वासको मत लिने तयारीमा छन् । यसले थप अन्योलता बढाएको छ ।

प्रधानमन्त्री दाहाललाई दिएको समर्थन फिर्ता र विश्वासको मत लिने सवैधानिक व्यवस्थाले सत्तामा अस्थायी पाहुना बन्न दिन्छ । तर नैतिक रूपमा दाहाल सत्ताच्युत भइसकेका छन् । जति सक्दो चाँडो उनले मार्ग प्रशस्त गर्दा केही न केही उनैलाई राजनीतिक नैतिकताको लाभ हुन्छ । त्यसो नगरे पनि अब उनी सत्तामा नरहने र एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने पक्कापक्की छ । काँग्रेस र एमालेले सत्ताको बागडोर आलोपालो गर्ने सहमति गरेको सार्वजनिक भए पनि उनीहरू के साँच्चिकै संविधान संशोधनको निष्कर्षमा पुगेका हुन् भन्ने चाहिँ यकिन छैन् । उत्तरदायी बन्ने हो भने सहमति सार्वजनिक गर्नुपर्छ । न प्रधानमन्त्रीले राजीनामा दिने न त सत्ता समीकरणमा सहमति गरेका दुई ठूला दलहरुले सहमति गरेका विषयहरु स्पष्ट ढंगले सार्वजनिक गरी सरकार गठनमा तदारुकता देखाउने । यस्तो अवस्थाले अन्योलता झन लम्बिने बाहेक अरु केही हुन सक्दैन । तसर्थ राजनीतिक दलहरुले छिटो भन्दा छिटो राजनीतिक अन्योलता हटाई देशलाई निकास दिन जरुरी छ ।

## Opinion @ Social Network

कुनै बेला "म तिम्रो दुनियाँ हुँ" भन्ने मान्छेले एउटा यस्तो दुनिया बनायो जसमा म बाहेक सबथोक अटाएको छ ।

*(अनु राईको फेसबुक स्टाटसबाट www.facebook.com//rai.anu)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मुकुलले खुस्काएको राजनीतिको चुकुल



**कृष्णप्रसाद पौडेल**

**राजनीति यस्तो विकृत भने अन्याय, अत्याचार र शोषणबाट मुक्त समाज बनाउने कथित लोकतान्त्रिक तथा जनवादी समाजवादको रटान लगाउँदै दलाल पूँजीवादको पालनपोषणसँगै झनै झागिदै गएको छ ।**

समाजको अगुवाइ गर्ने सबै नीतिको मूल मानिएको राजनीतिले अहिले समाजका बहुसंख्यक सदस्यहरूको उत्पीडन, शोषण र हिंसाको अगुवाइ गरिरहेको छ । नेपालको सत्ता-राजनीति यही कुशासनको धर्म निभाउँदै लुटपाट, ठगी र भ्रष्टाचारमा लिप्त छ ।

राजनीति यस्तो विकृत भने अन्याय, अत्याचार र शोषणबाट मुक्त समाज बनाउने कथित लोकतान्त्रिक तथा जनवादी समाजवादको रटान लगाउँदै दलाल पूँजीवादको पालनपोषणसँगै झनै झागिदै गएको छ । अहिलेका जग्गा दलाली, नागरिक बेच्ने र सहकारी ठगी यसका केही उदाहरण मात्र हुन् । सभ्य मानव समाज निर्माणमा सामूहिक मूल्यमान्यताको अगुवाइ गर्न अगुवाको विशेष स्थान बनाउने विधिको जराबाटै ऐंजेरु झैं पलाएको सत्ता सञ्चालनको अहंकार नै शासक र शासित वर्ग उत्पादन गर्ने काइते नीति र दम्भी, अहंकारी, निकम्मा र दलाल नेता पुनः उत्पादन गर्ने दोहोरो धार भएको हतियार बनेको छ । यसले समाजका सबै अंग विषाक्त बनाउँदै समाजलाई नै भयभित र आतंकित बनाएको छ । यो अहिले लोकतन्त्र, समावेशिता, सामाजिक न्यायको माला जप्दै सम्पूर्ण मानव जातिमाथि पुरुष शासन लाद्ने निकृष्ट सामाजिक सत्ताको दाबेदार बनेको छ । यही सत्ताको दादागिरीमा कुरुप शासकीय व्यवस्था टिकेको छ । सामन्त राजा-रजौटा हुँदै नेपालको सत्ताकेन्द्रित राजनीति यसैको निरन्तरताको जगमा टिकेको छ । यो कुरा गर्न धेरै पछाडिको इतिहासका गर्तमा डुबुल्की मार्नै पर्दैन किनकि यो देशको शासन यसैको जगमा टिकेको घाम जत्तिकै छर्लंग छ ।

अहिले राजनीतिको मर्म र विवेकलाई नयाँ पुराना सबै मिलेर भुत्ते हतियार बनाइरहेका छन् र आम मानिसका गला रेट्न उद्यत छन् । राजनैतिक नैतिकताबाट च्युत भएका अहिलेका सबै पार्टीका नेता र तिनका रैती सबै दलाली, भ्रष्टाचार र ठगीमा हात्ती र हात्ती छाप चप्पल भने जस्तै उस्तै-उस्तै छन् । बेला-बेला सत्ता स्वार्थका आडमा एकअर्कालाई घुर्क्याउन फाइल खोल्ने धम्की दिने र चुकुल लगाएका बन्द कोठामा राजनीतिक संवादका नाममा राजनीतिक वेश्यावृत्तिमा निरन्तर लागिरहने यिनको दिनचर्या बनेको छ । बितेको दशकमा मात्र दर्जन भन्दा बढी सत्ता साँठगाँठ गरेका यिनले, १९ महिनामा पाँच पटक विश्वास अविश्वासको खेल खेलेर आम मतदाता र निर्वाचित प्रतिनिधिको अपमान मात्र गरेका छैनन्, लोकतान्त्रिक संविधान र जनभावनामा खेलबाड गरेका छन् । निकम्मा नेताको अहंकारपूर्ण स्वज्ञानको बखानले राजनीति पूरै थलिएको छ ।

आशीर्वादले सत्तासीन हुने अन्धभक्त लालचीको जमातले यिनैको स्तुतिगानमै आफ्नो जीवनको सफलता देखेका छन् । आम नागरिक भने सत्ता राजनीतिको यो कुरुप दृश्यबाट आजित भएका छन् । उनीहरूमा राजनीति प्रतिको भरोसा नै टुटिसकेको छ । त्यसो त समग्र मानव समाज निर्माणमा सामूहिक विवेक र मूल्यमान्यताका पहाडहरूमा निरन्तर क्षयीकरण भइरहेको छ । प्रकृति र मानव समाजको अन्तरसम्बन्धबाट निःसृत ज्ञान र यसको विवेकले ऊर्जाशील हुने सहकार्य, लोकतन्त्र र सामाजिक न्याय बबुरो भएको छ । राजनीति गर्न दलाली, ठगी, लुट, छल र कपटको परीक्षामा अब्बल हुनुपर्ने भाष्य स्थापित भएको छ । कपट गर्न वा यस्तो कपटलाई अन्धभक्त समर्थन गर्न नसक्नेले राजनीति गर्न नसक्ने सामाजिक मनोविज्ञान जब्बर बनेको छ । अहिले तथ्यमा आधारित तर्क, सामाजिक मूल्यमान्यता र मानवीय विवेक हैन पुरुष पौरखी विघटनकारी ज्ञानले (कु)तर्क गर्न सक्ने वैश्विक दलाल मात्र सत्ता राजनीतिको सिंढी चढ्न सक्ने नत्र केही नजान्ने अराजक स्वाँठको आरोप खेप्नुपर्ने भएको छ ।

सबैतिर मानवीय विवेकको खडेरी छ । राजनीतिमा मुर्कट्टा संस्कार हुर्किरहेको छ । यसले टाउको मात्र हल्लाउने रैती र हाँगा हल्लाएर पात झारेकोमा गर्व गर्ने चामत्कारिक राजनीतिक नेतृत्वको पुनरुत्पादन गरिरहेको छ । अहिले सत्ताकेन्द्रित राजनीतिका सबै नेता र रैतीको राजनीतिक नियत, नियति र औकात यत्ति हो ।

अहिले सत्ता राजनीतिको वरिपरि रहेका जो-कसैलाई अपवाद छु भन्ने लाग्छ भने यो लघुताभाष मात्र हो । हुनत यी कुनै भर्खरै भएका नयाँ र आकस्मिक कुरा हैनन् । यी सबै नेपालको राजनीतिका दशकौंदेखि प्रमाणित तथ्य हुन् । अहिलेसम्मका कुनै पनि पार्टी यी कुराबाट मुक्त छैनन् भन्दा अतिशयोक्ति हुँदैन । यो कुराको सटिक सन्दर्भ भने रास्वपाका महामन्त्री रहेका र हालै निलम्बनमा परेका मुकुल ढकालले ३२ पेजको प्रतिवेदनमा राम्रैसँग उजागर गरेका छन् । यो उनको समीक्षा रास्वपाको महासचिवको हैसियतमा गरेका हुन् । तर जे लेखे यसले नयाँ भनिएको पार्टीको मात्र हैन समकालीन राजनीतिको औकात देखाएको छ । ३८ जिल्ला घुमेर २००० भन्दा बढी कार्यकर्ता र आम मानिस भेटेर यो लेख्नुको पछाडि उनको के आशय थियो ? यो उनको कुण्ठा पत्र हो या प्रतिशोधको पुलिन्दा, मनगढन्ते कथा हो या वास्तविक खोजका आधारमा तयार भएको समीक्षा, यो उनैले जानुन् । यो पंक्तिकारको चासो नेपालको राजनीतिमा फरक धारको प्रतिनिधित्व गर्ने दाबी गरेको पार्टीको त यो हालत छ भने अरू दशकौंदेखि पटक-पटक निकम्मा र अक्षम प्रमाणित भइसकेका नेता र तिनका पार्टीहरूको हालत के होला ?

यो भलै मनगढन्ते कथाको सँगालो नै किन नहोस्, समसामयिक राजनीतिमा यसले सार्वजनिक रूपमा उठाएका यक्ष प्रश्न हुन् । यो सत्ता राजनीतिमा रहेका नेता तथा कार्यकर्ताको औकात देखाउने ऐना हो । नीति कथाका दस्तावेजमा बाहेक, छोटै समयमा जनमतको सहाराले राष्ट्रिय पार्टी बनेको नयाँ भनिएको पार्टीको एउटा जिम्मेवार नेताले यति कठोरता र सावधानीका साथ उठाएका कुरालाई कपटी नेता र रैतीले बेवास्ता गर्लान् तर नयाँ राजनीतिक शक्तिलाई भरोसा गरेर यो सपार्न सकिन्छ भनेर आश गर्ने विवेकशील र सचेत नागरिकले यसलाई बेवास्ता गर्न सक्दैनन् ।

हुनत, राजनीतिको यो कुरूपताको चर्चा गर्न नयाँ शक्तिको नाममा उदाएको तर यसमाथि प्रश्न उठ्दा तिल्मिलाएर एकस्वरमा प्रतिवादमा उत्रिएको यसको केन्द्रीय नेतृत्वको खैलाबैला पर्खिनुपर्ने केही थिएन । राजनीतिलाई समाज परिवर्तनको बाहक बनाउने दृढता सहित सामेल भएका केही अपवाद राजनीतिकर्मी बाहेकका, अधिकांश सबै, परम्परागत राजनीतिको दाउपेचमा असफल भएर यसमा टाँसिन पुगेका अवसरवादीहरू हुन् । यो समीक्षाबाट तिनै सबैभन्दा उद्वेलित भएका छन् । यसको नेतृत्वको सामूहिक एकमत अभिव्यक्तिबाट यो कुरा आफैं पुष्टि हुन्छ ।

मुखमा चुकुल लगाएका यसका नेता-कार्यकर्ता यसलाई मुकुलको निजी विचार भनेर टक्टकिएका छन् । अरू चलनचल्तीका पार्टीका अवसरवादी नेता र तिनका कार्यकर्ताहरू यो आन्तरिक विवाद भन्दै कुम हल्लाउँदै छन् । अन्य बुझक्कड सनातनी राजनीतिक अन्धभक्त कुतर्कको फेरो समाउँदै बाझाबाझमा उत्रिएर समयको नाश मात्र गरिरहेका छन् । राजनीतिलाई विकृत बनाउँदै समाजलाई नै अधोगतितर्फ धकेल्न उद्यत जमात यस्तो प्रलयकारी यात्रामा अन्धभक्त भएर दगुरिरहेको छ । यसले सनातनी राजनीतिको मुर्कट्टा मतिमा प्रश्न गर्नुको साटो यसैमा लय मिलाउने बिचौलिया जमातमा दर्ज्यानी फुली थपेको थपेकै छ । यसको जमात बढेसँगै हाम्रो उन्नतिको आश र भरोसा समेत तुषारापात भएको छ । यो कुरालाई मुकुलले उदांगो पारिदिएका छन् । उनले उठाएका वर्तमान राजनीतिका सरल र सपाट सवालले राजनीतिको नाममा भए-गरेका दलाली, कपट, जालझेल र ठगीको मुखुण्डो उतारेको छ । भलै उनी यो राजा नांगै छ भन्ने निर्भीक आँटमा टिक्न सक्छन् वा सक्दैनन्, या उनको निहित उद्देश्य र अन्तर्य के हो ? उनैले जानुन् तर यो अरू माथि गरिने प्रश्न मात्र हैन आफैंमाथि प्रश्न गर्ने साहसिक कदम हो भन्न हिच्किचाउनु पर्दैन । किनकि यो प्रश्न सार्वजनिक भएसँगै अब यो उनको मात्र प्रश्न रहेन । यो नेपाली राजनीतिमा मौलाएको विकृतिको बहसको यक्ष प्रश्न बनेको छ । यो प्रश्न उनैलाई र अरू हामी कसैलाई पनि सोध्न सकिने प्रश्न हो । हामी सबैलाई थाहा छ, अहिले सामाजिक तथा वातावरणीय संकट चुलिँदै गएका छन् । चाहे जे सुकै नामधारी होउन्, परम्परा धान्ने वाद, प्रतिवादको राजनीतिले यी संकट थप गिजोलिएका छन् । त्यसो त यिनको सम्बोधनका आवाजहरू उठ्न थालेका छन् । यी संकटलाई फर्केर हेर्ने र फेर्ने अठोट र आन्दोलन पनि जागृत हुँदैछन् । यो जागरणमा ऊर्जा नथपी हाम्रो भविष्य सप्रिंदैन । अहिलेको राजनीतिका बेथितिलाई समयमै फर्केर हेर्न र सच्याउन नलाग्ने हो भने प्रकृतिसँगै मानवीय सभ्यता र संस्कृति निरन्तर क्षयीकरण भैरहनेछ । तसर्थ अबको राजनीतिक आन्दोलनले समग्रमा यी प्रवृत्तिलाई जगैदेखि बढार्ने हैसियत भएको संक्रमणकालीन नेतृत्व जन्माउनुपर्नेछ । सचेतता र सावधानीपूर्वक यस्तो नेतृत्व र आन्दोलनको बलमा नयाँ राजनीतिको जग बनाउन नसक्ने हो भने नेपाली राजनीतिको संक्रमणकालीन यात्रा अझै लामो मात्र हुनेछैन झनै कष्टकर समेत हुनेछ ।

यस्तो अवस्थामा सनातनी राजनीतिका धर्मभीरुबाट फेरि नयाँ केही भइहाल्छ कि भन्ने मृगतृष्णाको कुनै अर्थ छैन । यस अर्थमा समयको गति र लय समाउन जुर्मुराएका वैकल्पिक राजनीतिका अगुवालाई साथ दिनुको विकल्प छैन । यिनलाई सघाएर मात्र हाम्रो भविष्य राम्रो बनाउन सकिन्छ । मक्किएका पार्टी, मुर्कट्टा रजौटा र तिनैको सिको गर्ने रैतीबाट उन्नतिको बाटो समाउन सकिंदैन । त्यसैले जति नै ढिलो भए पनि अहिलेको राजनीतिको मूल ढाँचा र मूल्यमान्यता फेर्ने अठोट विना नेपाली समाजको उन्नतितर्फको यात्रा सम्भव छैन भन्ने बुझ्नु र बुझाउनु अहिलेको पहिलो आवश्यकता हो । समग्रमा, यो सबैको सन्देश के हो भने हाम्रा भावी सन्ततिलाई उन्नत प्रकृति र मानव समाज जिम्मा लगाउन अहिलेको राजनीतिक दृष्टिकोण, संयन्त्र र अभ्यासबाट सम्भव छैन । त्यसैले राजनीतिका यी मूल आयाममा गम्भीर राजनीतिक संवादको खाँचो छ । यसले मात्र भविष्य सम्हाल्न सक्ने राजनीतिको दिशाबोध गर्छ ।

यस्तो राजनीतिक पुनर्जागरणको दृष्टिकोण, संयन्त्र र अभ्यास कस्तो होला ? यसलाई के भनेर बुझ्ने-बुझाउने होला ? यस्तो यात्राको संक्रमण कसरी होला ? सबैको कौतूहल स्वाभाविक छ । सँगै, अब हामी कसैलाई पनि पुरानै गल्ती दोहोऱ्याउने र अलमल गर्ने छुट छैन भन्ने सन्देश नै यसको मूल मर्म हो ।

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

## कला मनोरञ्जन

# ‘अब धुर्मुस फर्कियो’



कलाकार सीताराम कट्टेल ‘धुर्मुस’ करिब पाँच वर्षपछि पुन: अभिनयमा फर्केका छन् । गायिका सुजाता केसी र गायक तुलसी सिवाकोटीको युगल स्वर र रहेको रोमान्टिक शैलीको गीतको भिडियो ‘हङ्गामा’बाट उनी अभिनयमा फर्केका हुन् । प्रहिल कार्कीले निर्देशन गरेको यस म्युजिक भिडियोमा उनलाई पत्नी कुञ्जना घिमिरे ‘सुन्तली’ले साथ दिएकी छन् । केही दिनअघि सार्वजनिक भएको ‘हङ्गामा’को यतिबेला रामै चर्चा छ ।

करिब २० वर्षअघि ‘मेरी बास्सै’ हास्य टेलिसिरियलमा ‘धुर्मुस’को चरित्र निभाएर चर्चा कमाएका कट्टेल फिल्म, म्युजिक भिडियो, विज्ञापन आदिमा जमिरहेकै बेला समाजसेवातिर लागेका थिए । केही समय हराएका प्राय: कलाकार फिल्म (ठुलो पर्दा)बाट कमब्याक गरिरहँदा उनले भने सानोपर्दाको त्यो पनि म्युजिक भिडियो किन रोजे ?

‘म अभिनयमा फर्किन गर्न चाहन्थेँ । माध्यम जेसुकै होस्– म्युजिक भिडियो, सिरियल होस् वा फिल्म,’ उनले भने, ‘यस गीतको भिडियोका लागि अफर आयो । गीत पनि राम्रो लाग्यो । पेसा कलाकारिता भएकाले कलाको जुनै विधाबाट कमब्याक गर्नु एउटै हो ।’

अभिनयमा फर्किएपछि उनले सकारात्मक प्रतिक्रिया पाइरहेका छन् । यतिखेर उनलाई शुभचिन्तकले सोधिरहेका रहेछन्– भिडियोमा देख्न पाइयो, फिल्म र सिरियल कहिले ?

‘मैले धुर्मुसको चरित्र निभाएको झन्डै २० वर्ष भयो । अहिले पनि कतिपय दर्शकले त्यो चरित्रमा देख्न चाहन्छन्,’ सीताराम भन्छन्, ‘यो मप्रतिको माया र विश्वास हो, यो टुट्न दिन्नँ । अब पर्दामा धुर्मुस फर्कियो ।’ धुर्मुस चरित्रबाटै दर्शक हँसाउने र कलाकारितालाई निरन्तरता दिने उनको योजना छ । ‘म आफैँ पनि सिरियलको योजना बनाइरहेको छु,’ उनी भन्छन्, ‘विभिन्न सिरियल र केही फिल्मबाट पनि अफर आइरहेका छन् । अबका दिनमा फिल्म पनि खेल्छु ।’ २०७२ को भूकम्प अघिसम्म उनी कलाकारितामै व्यस्त थिए । भूकम्पले धेरैलाई घरबारविहीन बनायो । कतिपय भूकम्पपीडितका दु:ख देखेर उनी भावविह्वल भए र बस्तीहरू निर्माण गरेर पीडितको घाउमा मलम लगाउने काममा जुटे । सुरुमा उनले काभ्रेपलाञ्चोकको पाँचखालमा नमुना बस्ती बनाए । त्यसपछि गिरानचौर एकीकृत नमुना बस्ती र एकीकृत नमुना मुसहर बस्ती बसाले । यी बस्ती निर्माण गर्दासम्म उनी अभिनयमा सक्रिय थिए । भरतपुरमा राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने अभियानमा जुटेदेखि भने उनको अभिनय यात्रा रोकिएको थियो । ‘वस्ती निर्माणपछि रंगशाला निर्माणमा होमिएँ । जिम्मेवारी ठुलो, खटिनुपर्ने धेरै र स्रोत सुनिश्चित गर्न धेरैतिर धाउनुपर्थ्यो,’ उनी भन्छन्, ‘त्यो समय कलाकारिता गरेर अगाडि बढ्न सक्ने स्थिति थिएन । ममा मजदुरदेखि अभियन्तासम्मको धेरै जिम्मेवारी थियो ।’ अहिले सरकारले त्यो रंगशाला निर्माण गर्ने भएको छ तर आफूले जुटाएको खर्चको राफसाफ नभएकाले उनको तनाव भने घटेको छैन ।

**पछिल्लो एक वर्षदेखि स्टेजमा**

सीताराम आठ वर्षपछि गत वर्ष स्टेज कार्यक्रममा फर्किएका थिए, कास्कीको लेखनाथ महोत्सवमार्फत । ‘स्टेज कार्यक्रम दर्शकसँग प्रत्यक्ष साक्षात्कार गर्ने एउटा अवसर हो । लामो समयदेखि त्यो अवसरबाट वञ्चित थिएँ,’ त्यतिबेला उनले भावविह्वल हुँदै भनेका थिए । लेखनाथ महोत्सवमा प्रस्तुति दिएपछि देशका विभिन्न स्थानबाट उनलाई अफर आउन थाल्यो । पछिल्लो एक वर्षमा उनले देशभरिका ४५ स्थानमा स्टेज प्रस्तुति दिइसकेका छन् । ‘पहिले हामी स्टेज कार्यक्रममा निकै हिँड्थ्यौँ । प्रत्यक्ष रूपमा दर्शक भेटघाट हुने र फिडब्याक पाउने भएकाले स्टेजमा प्रस्तुति दिन रमाइलो लाग्थ्यो,’ उनी भन्छन्, ‘लामो समयपछि फेरि दर्शकमाझ पुग्दा दर्शकले उस्तै माया र सहानुभूति प्रकट गरिरहनुभएको छ, यसले भावुक बनाउँदो रहेछ ।’

**युरोप-यात्रा**

२०७५ सालमा सीतारामले दुबईका नेपालीमाझ एक प्रस्तुति दिएका थिए । त्यसको ६ वर्षपछि शुक्रबार साँझ उनी युरोपका लागि उडेका छन् । यो उनको पहिलो युरोप भ्रमण हो । युरोपका फिनल्यान्ड, माल्टा, क्रोएसिया, बेल्जियम, स्पेन, पोल्यान्ड, जर्मनी, अस्ट्रिया, डेनमार्क लगायत झन्डै एक दर्जनभन्दा बढी देशमा रहेका नेपालीमाझ उनले प्रस्तुति दिनेछन् । यो यात्रामा उनको साथमा कलाकार कुञ्जना घिमिरे (सुन्तली), गायक विष्णु खत्री र तुलसी शिवाकोटी छन् । युरोपका विभिन्न ठाउँमा गरिने ‘धुर्मुस-सुन्तली साँझ’ कार्यक्रममा उनी धुर्मुसको भूमिकामा र कुञ्जना सुन्तलीको भूमिकामा देखिनेछन् । ‘म कलाकारितामा चिनिएकै धुर्मुसको गेटअपबाट हो । त्यसैको खोजी अहिले भइरहेको जस्तो लाग्यो,’ सीताराम भन्छन्, ‘धुर्मुस चरित्र यति चर्चित भयो कि मेरो नामै धुर्मुस भइदियो । मैले गरेका अन्य चरित्र पनि धुर्मुसले गरेको भनिन्थ्यो । फिल्म, टेलिफिल्ममा बनाउँदा पनि धुर्मुसले बनाएको भनियो । सबै दर्शकको राय-सुझाव अनुसार हामी दर्शकमाझ धुर्मुस-सुन्तलीका रूपमा आउन लागेका हौँ ।’ युरोपबाहेक अन्य देशबाट समेत अफर आइरहेको उनी बताउँछन् ।

*-रातोपाटी डटकम*

### सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष २९ अंक ३४०, मिति २०८१/०३/२५ गते तेस्रो पृष्ठमा हिमालय बैंक लि. तानसेन, पाल्पाको Vechicle On Sale सूचनाको बुदा नं. ११ मा Submission Deadline :- 15 Days From the Date Of First Publication हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

# नेटफि्लक्समा पहिलो जापानी डेटिङ रियालिटी शो

समलिंगी सम्बन्धलाई वैधानिकता नदिने विश्वको एक मात्र लोकतान्त्रिक मुलुक हो जापान । थोरै सेलिब्रेटीले मात्र खुलेर आफू समलिंगी रहेको बताएका छन् । त्यहाँको पुरातनवादी समूहले लैंगिक अल्पसंख्यक समुदायलाई संरक्षण गर्न भइरहेका विधायिकी प्रयासको खुलेर विरोध गर्दै आएका छन् ।

तर अब नेटफि्लक्सले जापानमा पहिलोपटक समलिंगी डेटिङ रियालिटी श्रृंखला सुरु गर्दैछ । ‘द ब्वायफ्रेन्ड’ नाम दिइएको १० एपिसोडसम्मको सिरिजको स्ट्रिमिङ मंगलबार देखि सुरु हुँदैछ । टोकियो बाहिरको एउटा लक्जरी बिच हाउसमा नौ जना पुरुष प्रतिस्पर्धीलाई राखिएको छ । नेटफि्लक्सको यो श्रृंखलाले हामीलाई जापानको रोमान्टिक रियालिटी शो ‘टेरेस हाउस’को सम्झना गराउँछ, जहाँ विनम्र सदस्य घरभित्र प्रतिस्पर्धीको रुपमा सहभागी थिए । यो डेटिङ शोको आभा एकदमै शुद्ध देखिन्छ । २२ देखि ३६ वर्ष उमेर समूहका पुरुष दिनमा कफी पिउँछन् र रातमा खाना पकाउँछन् । कहिलेकाहीं घुम्न बाहिर निस्कन्छन् । यो शोको सबैभन्दा ठूलो विवाद क्लब नर्तकको लागि प्रोटिन सेक बनाउन र कुखुराको काँचो मासु किन्ने कुरा वरपर घुम्छ । यसमा यौनको कुरा विरलै आउँछ । मित्रता र आत्मसुधार रोमान्सको मुख्य प्राथमिकतामा छन् । सिरिजका कार्यकारी निर्माता दाई ओटा ‘द ब्वायफ्रेन्ड’ मार्फत आफूले समलिंगी सम्बन्धलाई आफूले वास्तविकता जस्तै चित्रण गर्न चाहेको बताए । ‘द ब्वायफ्रेन्ड’ले दक्षिण कोरियाली, ताइवानी र बहुजातीय सम्पदाका सदस्यलाई विविध तरिकाले प्रतिनिधित्व गर्ने बताउँछन् । समलिंगी सम्बन्धको मुद्दामा जापान पछि परेको भएपनि आफ्नो उद्देश्य चाहिं यो सिरिज मार्फत राजनीतिक टिप्पणी गर्नु नरहेको बताउँछन् । जबकि ‘द ब्वायफ्रेन्ड’ जापानमा बनाइएको पहिलो समलिंगी डेटिङ रियालिटी शो हुनसक्छ तर यसअघि नेटफ्लिक्समा यसअघि ‘द अल्टिमेटम : क्वीयर लभ’ सहित क्वीयर डेटिङ शोको संख्यामा वृद्धि भएको छ ।



बीबीसीमा ‘आई किस्ड अ ब्वाय’ र ‘आई किस्ड अ गर्ल’, एप्पल टिभी प्लसमा ‘फर द लभ अफ डिल्फ्स’ र दक्षिण कोरियामा ‘हिज म्यान’ समावेश छन् । ‘द ब्वायफ्रेन्ड’का कास्टिङ निर्देशक समेत रहेका समलिंगी मोडल तथा सामाजिक सञ्जालका इन्फ्लुएन्सर ताइकी ताकाहासीले यो शोबाट आफूले धेरै आशा लिएको बताए । टोकियोस्थित नेटफि्लक्स कार्यालयमा अन्तर्वार्तामा बोल्दै उनले भने, ‘हामी समाजलाई परिवर्तन गर्न चाहँदैनौं । तर म चाहन्छु धेरै मानिसले कुनै प्रभाव महसुस गरुन् ।’

*-अनलाइनखबर डटकम*

# फिलममा डेब्यु गर्दै गायिका कमला घिमिरे

सानो उमेरमै चर्चा कमाएकी गायिका कमला घिमिरेले फिल्म अभिनयमा डेब्यु गर्ने भएकी छन् । निर्माणको तयारीमा रहेको फिल्म ‘माइली’ मा उनी कलाकारका रूपमा अनुबन्धित भएकी हुन् ।

रूना इन्टरटेन्मेन्टको ब्यानरमा बन्ने फिल्मलाई बाबु साहेब बलामीले निर्देशन गर्नेछन् । कमलाले सांगीतिक क्षेत्रमा झैं फिल्ममा पनि दर्शकको माया पाउने विश्वास रहेको बताइन्। उनले स्वर दिएका ‘चिया छानेको, लरिलरिलै, धनगढीको बसमा’ लगायतका गीतहरू हिट छन् । फिल्म ‘माइली’ टिमले कमलाको पोस्टरलुक समेत सार्वजनिक गरेको छ । जसमा उनलाई मन्द मुस्कानमा देखाइएको छ। उनको पृष्ठभूमिमा एक



महिलाले केही काम गरिरहेको देख्न सकिन्छ ।

यो फिलममा यसअघि करिश्मा मानन्धर र प्रियंका कार्की अनुबन्धित भइसकेका छन् । निर्देशक बलामीले सत्य घटनामा आधारित रहेर निर्माण हुने फिल्ममा महिलाका पीडा देखाइने बताए । असारको अन्तिमबाट फिल्मको छायांकन सुरू गर्ने तयारी छ ।

*-सेतोपाटी डटकम*

# ‘मोदीबेनी’को गीत ‘मञ्जुरी’ सार्वजनिक

साउन १८ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र ‘मोदीबेनी’को पहिलो गीत सार्वजनिक भएको छ । काठमाडौंको सिभिल मलस्थित क्युएफएक्स सिनेमा हलमा पत्रकार भेटघाटको आयोजना गर्दै ‘मन्जुरी’ शीर्षकको रोमान्टिक गीत सार्वजनिक गरिएको हो । गीत ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत हेर्न सकिन्छ । ‘मोदीबेनी’को एक महत्वपूर्ण अंशको रूपमा रहेको गीतले वर्षा र अमरको प्रेम अंकुरण देखिको यात्रालाई चर्चा गरेको छ । एसडी योगी र विज्ञान पराजुलीको आवाजमा रहेको यो गीतको संगीत एसडीले नै गर्नुभएको छ भने राम अविरल विष्टले शब्द रचना गर्नुभएको छ । संगीत निर्माता रिकेश गुरुङ हुनुहुन्छ । कार्यक्रममा चलचित्रका निर्देशक शंकर कोइराला, निर्माता द्वय दिलीप केसी र हरि श्रेष्ठ, डिओपी उत्सव दाहाल, सम्पादक भरत रेग्मी, कोरियोग्राफर किरण थापा, यस चलचित्रका अन्य कलाकारहरू सरोज खनाल, प्रवीण खतिवडा, रेजिना उप्रेती, दिलीप केसी, जीवन भट्टराई, कमलमणि नेपाल,




सुब्रतराज आचार्यलगायत चलचित्र टिमका अन्य सदस्यको पनि उपस्थिति थियो । चलचित्रमा अनामिका लामिछाने, पुजन श्रेष्ठ, गोविन्द सुनार, लविस गर्तौला, शेरबहादुर बराल, रोजी श्रेष्ठ, हिउवाला गौतम, स्नेहा भट्टराईलगायतको पनि अभिनय छ । चलचित्रको अर्को गीतमा शान भुसालको शब्द तथा संगीत छ भने स्वरूप राज आचार्य र एरिका क्षेत्रीको स्वर छ । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको यो चलचित्र पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको विश्वास गर्नै गाह्रो हुने तर यथार्थ घटनामा आधारित रहेर बनेको छ । चलचित्रलाई आनन्दविक्रम क्षेत्रीले लेखेका हुन् ।

चलचित्रमा दीपेन्द्र गौतम (माइकल)को प्रोडक्शन डिजाइन, श्याम बरालको मेकअप, गीता पौडेलको हेयर डिजाइन, भीम श्रेष्ठको ड्रेस डिजाइन र सगुन तामाङको प्रमुख सहायक निर्देशन, शैलेश श्रेष्ठ र रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर, शैलेश श्रेष्ठको साउण्ड डिजाइन, राजेन्द्र मोक्तानको कलर ग्रेडिङ, समीर मियाँको भिएफएक्स छ । ट्राइडेन्ट कन्सेप्टको पोष्टर तथा सोसल मिडिया पब्लिसिटी डिजाइन रहेको गर्ने यस चलचित्रलाई ऋच इन्टरटेन्मेन्टले काठमाडौं उपत्यका र एफडी कम्पनीले उपत्यका बाहिर वितरण गर्दैछन् ।

*-इहिमालय टाइम्स डटकम*

# त्रिभुवन बहुमुखी क्याम्पसले मनायो वार्षिक उत्सव






भरत शर्मा
पाल्पा, असार २५/शैक्षिक इतिहासमा पश्चिम क्षेत्रकै पुरानो र शिक्षा क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाले ७० औं वार्षिक उत्सव मनाएको छ । क्याम्पसले विभिन्न कार्यक्रमको आयोजना गरी वार्षिक उत्सव मनाएको हो ।

२०११ सालमा तत्कालिन गभर्नर तारकबहादुर शाहाको अध्यक्षतामा यु.पि बोर्डको कोर्स राखी त्रिभुवन इन्टर मिडियट कलेजको रुपमा स्थापना भएको यस क्याम्पसबाट लाखौ दक्ष जनशक्ति उत्पादन भैसकेको छ । वि.स २०३० देखि करिव २० वर्ष क्याम्पमा त्यस बेला पश्चिमाञ्जल विकास क्षेत्रमा रहेका १६ जिल्लाबाट अध्ययन गर्न आउँदा ७ देखि ८ हजार विद्यार्थी हुने गर्दथे । जसका कारण तानसेन बजार नै गुल्जार हुने गर्दथ्यो । समय बदलिदो परिस्थिती र विकास क्रमले अहिले त्यस्तो अवस्था रहेको पाईदैन । क्याम्पसको ७० औं वार्षिक उत्सवका क्रममा क्याम्पस प्रमुख टंक प्रसाद भट्टराईले प्रतिवेदनमा यिनै कुराहरु औल्याएका छन् । हाल क्याम्पसमा २ हजार ६ सय १० जना विद्यार्थी अध्ययनरत छन् । वार्षिक उत्सवकै अवसरमा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले पूर्व क्याम्पस प्रमुख स्वर्गीय धिरेन्द्र प्रसाद श्रेष्ठको स्मृतिमा बनाइएको नवनिर्मित भवनको उद्घाटन गरेका थिए । कार्यक्रममा नगर प्रमुख श्रेष्ठले त्रिभुवन क्याम्पसको गरिमा र यसको शैक्षिक इतिहास बारे चर्चा गर्दै क्याम्पसले उत्पादन गरेका दक्ष जनशक्ति आज राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको बताए । उनले विगतको गौरवशाली इतिहास बोकेको क्याम्पसको समय सापेक्ष शैक्षिक गुणात्मक विकासका लागि सबै क्षेत्रबाट रचनात्मक सहयोगको आवश्यकता रहेको उल्लेख गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्ती नेकपा माओवादीका जिल्ला अध्यक्ष राजेन्द्र विश्वकर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला अध्यक्ष सुमन गैरे, नेकपा समाजवादी जिल्ला अध्यक्ष अशोक कुमार शाही, राप्रपाका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, पूर्व क्याम्पस प्रमुखहरु चोलेश्वर शर्मा, मनमोहन श्रेष्ठ, केशवराज शर्मा लगायत सघंसस्था प्रमुखहरुले वार्षिक उत्सवको सफलताको शुभकामना व्यक्त गर्दै क्याम्पस सबैको साझा संस्था भएकाले राजनीतिकरण नगरी विशुद्ध शैक्षिक संस्थाका रुपमा विकास गर्नुपर्नेमा जोड दिए । क्याम्पस प्रमुख टंक प्रसाद भट्टराईको अध्यक्षता, सहायक क्याम्पस प्रमुख कृष्ण बहादुर कार्कीको स्वागत र प्राध्यापक पुस्कर आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पा...

...उनले हरेक कार्यक्रम घोषणालाई अभियनका रुप लिने प्रवृत्तिका कारण सार्थकता पाउन नसकेको उल्लेख गर्दै सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई अभियनका रुपमा नलिई अभियानका रुपमा लैजान सरोकारवाला निकायलाई आग्रह गरे । अर्का प्रदेश सांसद खेमबहादुर सारुले शिक्षा र स्वास्थ्य एक अर्कोका परिपूरक भएकाले यी दुवै सुनिश्चितता नहुँदा बसाईसराई बढ्दो रहेकाले त्यसतर्फ सबैले ध्यान दिनुपर्ने बताए । कार्यक्रममा माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, महिला स्वास्थ्य सामुदायिक स्वंयमसेवीका पाल्पाकी संयोजक सावित्रा अधिकारी लगायतले पूर्णखोप सुनिश्चिततासँगै यसको दिगोपना प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका थिए । जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समितिका संयोजक टंकनाथ खनालले नेपालको संविधानको धारा ३५ र स्थानीय सरकार संञ्चालन ऐन, ०७४ ले नै प्रत्येक बालबालिकालाई पूर्ण खोप पाउनै पर्ने कानुनी ब्यवस्था गरेको र विश्व स्वास्थ्य संगठनको प्रावधान अनुसार पनि वर्षेनि पूर्ण खोप सुनिश्चिता र दिगोपना घोषणा गर्ने गरिएको बताए । स्वास्थ्य निर्देशनालयका प्रतिनिधि कुमार थापाले जिल्ला घोषणाको प्रमाणपत्र वाचन गरेका थिए । सोही अवसरमा पूर्ण खोप सुनिश्चित गर्न सहयोग पुऱ्याएका महिला स्वास्थ्यकर्मी, स्वास्थ्य कार्यालयका कर्मचारी, स्थानीय सरकार र विभिन्न संस्थाहरुलाई सम्मान समेत गरिएको थियो । कार्यक्रम जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालको अध्यक्षता, स्वास्थ्य कार्यालयका लेखनाथ अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो । जिल्ला घोषणा गर्नुअघि बैशाख २० गते पूर्वखोला गाउँपालिका, बैशाख २७ गते रिब्दीकोट गाउँपालिका, बैशाख ३१ गते माथागढी गाउँपालिका, जेठ १ गते रैनादेवी छहरा गाउँपालिका, जेठ २ गते तिनाउ गाउँपालिका, जेठ ४ गते रम्भा गाउँपालिका, जेठ ७ गते निस्दी गाउँपालिका, जेठ १४ गते बगनासकाली गाउँपालिका जेठ २४ गते तानसेन नगरपालिका र जेठ ३० गते रामपुर नगरपालिका पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा भएका थिए ।

## खेलकुद समाचार

### महिला क्रिकेटको पहिलो अभ्यास खेलमा नेपाल पराजित



काठमाडौं, असार २५/एसीसी महिला एसिया कप क्रिकेट प्रतियोगिताको अन्तिम तयारीमा व्यस्त नेपाली टोली मंगलबार सम्पन्न पहिलो अभ्यास खेलमा श्रीलङ्का डेभलपमेन्ट स्क्वाड टोलीसँग 'डकवर्थ एन्ड लुइस' नियमका आधारमा ३३ रनले पराजित भएको छ ।

पहिले ब्याटिङ गरेको श्रीलङ्काली टोली निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय १८ रन बनाएको थियो । वर्षाका कारण नेपालले १५ ओभरमा ९६ रन बनाउनु पर्ने नयाँ लक्ष्य पाएको थियो । तर, नेपालले १५ ओभरमा नौ विकेट गुमाएर ६३ रनमात्र बनाउन सक्यो । नेपालका लागि ब्याटिङतर्फ रुबिना क्षेत्रीले सर्वाधिक १७ रन बनाएकी थिइन् । सीता रानामगरले ११ रन जोडेकी थिइन् । त्यसअघि बलिङमा नेपालकी सबनम राईले तीन र राजमती ऐरीले एक विकेट हात पारेका थिए । एसीसी महिला एसिया कपमा सहभागी हुन नेपाली टोली हाल श्रीलङ्कामा छ । एसीसी महिला एसिया कप जुलाई १९ देखि २८ (साउन ४ देखि १३ गते)सम्म श्रीलङ्कामा आयोजना हुँदैछ । महिला एसिया कपको नवौं संस्करणमा आठ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाली टोली प्रतियोगिताको समूह 'ए' मा परेको छ । दुई बलिया टेस्ट राष्ट्र भारत र पाकिस्तान पनि नेपालकै समूहमा छन् । उक्त समूहमा चौथो टोलीको रूपमा यूएई रहेको छ । प्रतियोगिताको समूह 'बी' मा भने श्रीलङ्का, बङ्गलादेश, मलेसिया र थाइल्यान्ड रहेका छन् । प्रारम्भिक चरणको खेलपछि दुवै समूहबाट दुई-दुई टोली प्रतियोगिताको सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनलमा विजयी हुने दुई टोलीबिच जुन २८ तारिखमा फाइनल खेल हुनेछ । समूहगत चरणमा नेपालले आफ्नो पहिलो खेल यूएईसँग खेल्नेछ । नेपाल र यूएईबिचको खेल जुलाई १९ तारिखमा डम्बुलामा खेलिने छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से १५ दशमलव ७९ अंकले बढ्यो



पाल्पा, असार २५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचके बढेको छ । मंगलबार १५ दशमलव ७९ अंकले नेप्से बढेको हो ।

नेप्से बढेसँगै २ हजार १ सय ५२ दशमलव १४ विन्दुमा उक्लिएको छ । सो अवधिमा विभिन्न तीन सय १६ कम्पनीका ११ लाख ६६ हजार एक हजार दुई सय आठ कित्ता शेयर पाँच अर्ब ५३ करोड ५९ लाख ५८ हजार आठ सय ८५ मा कारोबार भएको छ । कारोबारमा गणपति लघुवित्त वित्तीय संस्था र आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९१, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको नौ दशमलव ७९ र सबैको लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य नौ दशमलव १५ प्रतिशतले बढेको छ । त्यसैगरी सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ को शेयर मूल्य पाँच दशमलव ४७, नेपाल फाइनान्सको चार प्रतिशत, बोटलर्स नेपाल (बालाजु)को शेयर मूल्य तीन दशमलव ९० प्रतिशतले घटेको छ । बैंकिङ् समूहको उपसूचक ०.५३ प्रतिशतले बढ्दा विकास बैंक समूहको उपसूचक २.४९ प्रतिशले बढेको छ । यसैगरी माइक्रोफाइनान्स समूहको उपसूचक ३.०६ प्रतिशतले बढ्दा यता फाइनान्स, होटल तथा पर्यटन, म्यानु एन्ड प्रो र ट्रेडिङ समूहको उपसूचक ऋणात्मक भएका छन् । १६८ कम्पनीको सेयर मूल्य बढ्दा ६८ कम्पनीको मूल्य घटेको छ । १० वटा कम्पनीको सेयर मूल्य भने स्थिर रहेको नेप्सेले जनाएको छ ।

# बालविवाह...

...गढवागाउँ पालिकाका उपाध्यक्ष शारदाकुमारी चौधरीले बालविवाह न्यूनीकरणका लागि अन्तर्क्रिया, सडक नाटक देखाउने र पालिकाभित्रका वडाका गुरुवा, धामी र महतवालाईसँगै राखेर जनचेतनामूलक कार्यक्रम गर्ने गरेको बताइन् ।

यसकार्यले बालविवाह र हिंसा घटाउन योगदान पुगेको उनले जानकारी दिइन् । द्रविद्यालयमा बाल क्लब र गाउँमा आमा समूह गठन गरेर जानकारीमूलक कार्यक्रम भइरहेका छन् । पालिकाले पनि प्रत्येक वर्ष मुक्तकम्लहरी, सीमान्तकृत समुदाय र पछाडी परेका वर्गको उत्थानका लागि कार्यक्रम गर्ने गरेको छ', उनले सुनाइन् । यहाँका आमाहरू आफैं अभियानमा जुटेपछि महिला हिंसा र बालविवाह घटाउन सहज भएको जानकारहरू बताउँछन् । यहाँका अन्य पालिका र वडाले पनि यस अभियानलाई विस्तार तथा लागू गर्नसके थप सहज हुने समूहमा आवद्ध आमाहरूको विश्वास छ । -रासस

### नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. १ निवासी भारतिय भू.पू. सैनिक नं. ५२४०८४३P भक्त बहादुर रानाको श्रीमती डिल कुमारीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम खगिसरा राना भन्ने डिल कुमारी राना, जन्म मिति २००४/१२/१० र निज पतिको आर्मी रेकर्डमा नाम डिल कुमारी, जन्म मिति सन् १९५४/७/१ उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय-भगवतीटोल-३ तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक जगदीशप्रसाद भट्टराई